**निर्णय नं.१**

इलाम नगरपालिकाको माध्यमिकतह सम्मको शैक्षिक बर्ष २०७६का लागि शैक्षिक क्यालेण्डर बनाउन गठीत कार्यदलबाट तयारगरि नगर शिक्षा समितिबाट स्विकृतीकालागि सिफारिसभई आएको शैक्षिक क्यालेण्डर स्विकृत गर्ने र छपाइ गरी प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

इलाम नगरपालिका को नगर प्रहरी ऐन, २०७५ को दफा ४ बमोजिम नगर प्रहरीको प्रतीक चिन्ह तथा पोषाक र दर्ज्यानी चिन्ह निर्धारण गर्ने सम्बन्धमा छलफल हुँदा इलाम नगरपालिकाले प्रयोग गरिरहेको ग्रिन इलामको लोगो र राष्ट्रिय झण्डा रहने गरी प्रतीक चिन्ह तथा नगर प्रहरीको पोशाकको रङ्ग Turtle Green (रातो ३६%, हरियो ७२%, निलो २% मिश्रण भएको कछुवा रङ्ग) र नगर प्रहरीको दर्ज्यानी चिन्ह सेतो रङ्गमा प्रयोग गर्ने गरी देहायका दर्जाका लागि तपसील अनुसार स्विकृत गर्ने निर्णय गरियो ।

तपसीलः-

(क) नगर प्रहरी हवल्दारका लागि ३(तिन) धर्के पट्टा,

(ख) नगर प्रहरी सहायक निरीक्षकका लागि १(एक) तारा,

(ग) नगर प्रहरी नायव निरीक्षकका लागि २(दुई) तारा,

(घ) नगर प्रहरी निरीक्षकका लागि क्रस खुकुरी,

**निर्णय नं.३**

वि.सं.१९२०सालतिर निर्माण भएको ऐतिहासिक इलाम दरबारलाई इलाम नगरपालिकाले सांस्कृतिक संग्रहालयको रुपमा प्रयोग गर्नका लागि नेपाल सरकारसँग माग गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७५।११।३० गतेको निर्णयबाट उक्त इलाम दरबार इलाम नगरपालिकालाई सांस्कृतिक संग्रहालयको रुपमा भोगचलन गर्ने गरि उपलब्ध गराउँने निर्णय गर्ने नेपाल सरकार र उक्त कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरी सहयोग गर्नु हुने इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री श्रवणकुमार तिमिल्सिनालाई समेत धन्यवाद ज्ञापन गर्दै सांस्कृतिक संग्रालय निर्माण गर्ने कार्यलाई अगाडी बढाउँने निर्णय गरियो ।

**निर्णय नं.४**

१ नं. प्रदेश सरकार, मन्त्रिपरिषदबाट स्वीकृत भई भएको "मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) कार्यविधि, २०७५" मा भएको व्यवस्थालाई अध्यन गर्दा परिणाममुखीरुपमा कार्यान्वयन गर्न देहाय अनुसार संसोधन तथा परिमार्जन भएमात्र सकिने देखीएकोले १ नं. प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय , १नं. प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रलय र भौतिक पूर्वाधार मन्त्रालय मा समेत "मुख्यमन्त्री ग्रामीण

सडक सुधार आयोजना (सञ्चालन) कार्यविधि, २०७५"  संसोधन तथा परिमार्जन का लागि अनुरोध गर्ने निर्णय गरियो ।

**संसोधन तथा परिमार्जन गर्नु पर्ने दफाहरुः-**

(१) दफा ५को उपदफा (१) को (ग) मा भएको " न्यूनतम बीस प्रतिशत लाई संसोधन गरि दश प्रतिशत" कायम गर्ने ।

(२) दफा ७ को उपदफा (२) मा भएको व्यवस्थाको सट्टा "यस कार्य विधि अनुसार कार्यान्वयनहुने योजनाका लागि सम्बन्धित स्थानीय तहले आफ्नोतर्फ बाट दफा ५ को उपदफा (१) को (ग) अनुसार प्रतिबद्धता जाहेर गरेको सहभगिता बापतको रकम सम्बन्धित स्थानीय तहले आफ्नो तहको बार्षीक बजेट तथा योजनामा साझेदारी कोष खडा गरि सुनिश्चित गर्नु पर्नेछ।" भनि संसोधन गर्नु पर्ने।

(३) साथै दफा १० मा रहेको योजना संचालन सम्बन्धि अन्य व्यवस्थामा " यस कार्य विधि अनुसार एक स्थानीय तहको भौगिलिक क्षेत्रमा संचालनहुने योजना को संचालन, निरन्तर सुपरिवेक्षण तथा अनुगमन गर्ने भुक्तानी गर्ने, लेखा परिक्षण गराउँने र निर्माण कार्य पछिको दिगो संचालनको व्यवस्था मिलाउँने दायित्व हुनेछ भने दुई वा दुई भन्दा बढी स्थानीय तहको भौगोलिक क्षेत्र भित्र संचालन हुने रहेछ भने प्रदेश सरकारको यातायातसँग सम्बन्धित मन्त्रालयले मुख्यमन्त्री को कार्यालय संग समन्वय र सहकार्य गरि आवश्यक विधि, प्रक्रिया तथा मापदण्ड निर्धारण गरे अनुसार हुनेछ, भनि थप गर्ने ।

मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) कार्यविधि, २०७५ माथि उल्लेख भए अनुसार संसोधन भई सहज, सरल र परिणाममुखी कार्यान्वयनमा सहज हुने विशवसकासाथ मुख्यमन्त्री ग्रामीण सडक सुधार आयोजना (सञ्चालन) कार्यविधि, २०७५ अनुसार निर्माण कार्यगर्न गराउँन तपसील अनुसारका योजना छनौट गर्ने निर्णय समेत गरियो ।

तपसीलः-

| क्र.स. | योजनाको नाम | DPR अनुसारको लागत अनुमान | चालु आ.व.मा नगपालिकाको विनियोजन रु. | कैफियत |
|---|---|---|---|---|
| १. | रत्नचोक इन्टेक साङ्गरुम्वा ग्रामीण सडक सुधार योजना ,वार्ड नं. ९ र १२ | ४७ करोड ३५ लाख | १करोड १५ लाख | चालु आ.व.मा नगरपालिकाले विनियोजन गरेको रकम लाई नै नगरपालिकाको सहभागिता को रकम गणना गरिने दिन हुन अनुरोध गर्ने |
| २. | बरबोटे रिब्स सुम्बेकग्रामीण सडक सुधार योजना ,वार्ड नं. २ सुम्बेक र बरबोटे | २० करोड २३ लाख | २ करोड | |
| ३. | तिल्केनी बज्रदेवी ग्रामीण सडक सुधार योजना,वार्ड नं. ८ तिल्केनी | १८ करोड ५० लाख | १ करोड ४० लाख | |

**निर्णय नं. ५.**

इलाम नगरपालिकाको कार्यालयको आ.ब.२०७५\०७६ को योजना किताबको सि.नं. २५१\३११५१ मा उल्लिखित बरबोटे कभर्ड हल निर्माण योजनाको नाम बरबोटे बहुद्देश्यीय कभर्ड हल निर्माण हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को योजना किताबमा उल्लिखित योजनाहरु कार्यान्वयनको क्रममा बचत हुन आउँने रकमबाट तपसील अनुसारको योजनाहरुमा निम्नअनुसारको रकम विनियोजन गरि उक्त रकममा ३०% लागत सहभागिता थप गर्ने गरि उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गराउँने निर्णय गरियो र आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने समेत निर्णय गरियो।

तपसीलः-

| साविकको योजनाको विवरण | | | | | | थप गरिने योजनाको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संकेत नं. | खर्च शिर्षक नं. | योजनाको नाम | कुल विनियोजित रकम | खर्चहुने रकम | बचतहुने रकम | योजनाको नाम | खर्च शिर्षक नं. | विनियोजन रकम | लागत सहभागिता ३०% | कुल विनियोजन |
| १२१ | ३११७१ | नयाँ बस पार्क ऐठन धारा बज्रदेवी सडक स्तरउन्नी | ४००००००.० | २३९१०००.० | १६०९०००.० | साङ्रुम्बा ढोलदेवी सडक स्तरोन्नत वडा नं. -१२ | ३११७१ | २५०९०००.० | १०७५५००.० | ३५,८४,५००.० |
| १३५ | ३११५१ | रत्नचोक साजबोटे इन्टेक सडक स्तरउन्नत | १५०००००.० | ६०००००.० | ९०००००.० | | | | | |
| ६५ | ३११५१ | मिलगोलाई विणापानी सडक स्तरउन्नत | ५००००००.० | २२०००००.० | २८०००००.० | नेपालटार बेतनी सडक वडा नं. -३ | ३११७१ | ४८०००००.० | २०५७५००.० | ६८,५७,५००.० |
| २६०-२६२, २६४-२६५, २७०।२७२,२७ | ३११७१ | सौर्य सडक बत्ति जडान | १२००००००.० | १११०००००.० | ९०००००.० | | | | | |
| २० | ३११७२ | पुलको डि.पि.आर. निर्माण | ११०००००.० | ०.० | ११०००००.० | | | | | |

**निर्णय नं. ७.**

इलाम नगरपालिका वार्ड नं. ७ भानुपथमा रहेको बसपार्कमा बहुतले पार्किङ्ग भवन निर्माणका  लागि १ नं. प्रदेश सरकारमा विस्तृत परियोजना प्रस्ताव (DPR) सहित मुख्यमन्त्री बहुतले मोटर पार्किङ्ग योजना कार्यान्वयनका लागि प्रदेश सरकारबाट ६० प्रतिशत र नगरपालिकाबाट ४० प्रतिशत लागत सहभागिता व्यहोरिने गरी १ नं. प्रदेश सरकार संग माग गर्ने साथै सो योजनाको शिलान्यास कार्यक्रममा प्रमुख अतिथिको रुपमा १ नं. प्रदेशका माननीय मुख्यमन्त्रीज्यूमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ८.**

इलाम नगरपालिकाका उपप्रमुख श्री सुशीला नेम्वाङ्गको संयोजकत्व र सामाजिक विकास समितिका संयोजक तथा नगर कार्यपालिका सदस्य श्री सीता रिजालको उपसंयोजकत्वमा इलाम नगरपालिकाको भगिनी सम्बन्ध भएको धरान उपहानगरपालिकाको ३ दिने अनुभव आदानप्रदान तथा अध्ययन अवलोकन भ्रमणका लागि २०७५ सालको चैत्र महिना भित्रमा इलाम नगरपालिकाका महिला जनप्रतिनिधि र कार्यपालिका सदस्यहरुलाई भ्रमणमा पठाउने निर्णय गरियो ।